पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, बिन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय बिहान ९:३० बजे
सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ४३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ फागुन १३ गते मंगलबार ❑ 25 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पर्यटन राजधानी पोखरामा त्रिदेशीय पर्यटन प्रदर्शनी

पोखरापत्र संवाददाता
पोखरा, १२ फागुन



पर्यटन राजधानी पोखरामा पहिलो पटक त्रिदेशीय पर्यटन प्रदर्शनी नाइस-२०२५ (नेपाल-इण्डिया चाइना-प्रदर्शनी) सोमबारदेखि सुरु भएको छ । छिमेकी मुलुक भारत र चीनबाट बढीभन्दा बढी विदेशी पर्यटक भित्र्याउने उद्देश्यका साथ प्रदर्शनी सुरु गर्न लागिएको जनाइएको छ।

तीन दिनसम्म चल्ने प्रदर्शनीमा पर्यटन क्षेत्रका ८० क्रेता, ७० बिक्रेता र ७५ अन्तरराष्ट्रिय प्रतिनिधिसहित छ सयभन्दा बढीको सहभागिता छ । प्यासिफिक एशिया ट्राभल एशोसिएसन (पाटा) नेपाल च्याप्टरले नेपाल पर्यटन बोर्ड, पोखरा पर्यटन परिषद् र अन्य सरकारी तथा निजी क्षेत्रका साझेदार सरोकारवालाहरूको सहकार्यमा प्रदर्शनी आयोजना गरिएको जनाएको छ।

प्रदर्शनीले तीन देशका सरकारी र निजी क्षेत्रका पर्यटन र सरोकारवाला संस्थालाई एकै थलोमा ल्याएर उनीहरूबीच व्यावसायिक अनुभवको साथै सञ्जाल विस्तार र व्यापार अवसरहरू सृजना गराउने विश्वास लिइएको छ। पोखरा प्रकृतिप्रेमीका साथै साहसिक गतिविधिमा रमाउनेका लागि गन्तव्य बन्दै गएको छ । समुद्री सतहदेखि ८२२ मिटरको उचाइमा अवस्थित पोखरा तालहरूको सहर र हिमालय र पदमार्गको प्रवेशद्वारका रूपमा पनि चिनिन्छ । यहाँबाट विश्वका १४ अग्लो चुचुराहरूमध्ये तीन धौलागिरी, अन्नपूर्ण-१ र मनास्लु हिमाल हेर्न सकिन्छ । 'नाइस फर माइस एण्ड मोर' भन्ने नाराका साथ आयोजना भएको प्रदर्शनीले पोखरालाई पदयात्रा र साहसिक पर्यटन केन्द्रका रूपमा मात्र नभइ माइस पर्यटन (अर्थात् बैठक, सभा सम्मेलन, प्रोत्साहन, विवाह तथा अन्य उत्सव, महोत्सव, समारोह, मेला र प्रदर्शनी) का लागि आकर्षक गन्तव्यको रूपमा प्रवर्द्धन गर्ने पाटा नेपालले जनाएको छ। पाटा नेपाल च्याप्टरका प्रमुख कार्यकारी अधिकृत (सिइओ) सुरेशसिंह बुडालले दुई ठूला अर्थतन्त्र तथा पर्यटन स्रोत बजार भारत र चीनमा नेपालको पर्यटन सम्भाव्यता र एकीकृत व्यावसायिक अवसरलाई प्रवर्द्धन गर्ने उद्देश्यले प्रदर्शनी आयोजना गरिएको बताउनुभयो। प्रदर्शनीको दोस्रो दिन फागुन १३ गते द नलेज फोरमले 'भिसा डेस्टिनेसन इनसाइट्सः सपोर्टिङ द टुरिजम इकोसिस्टम टु सस्टेनेबल हस्पिटालिटी फ्रम कन्स्ट्रक्सन टु अपरेसन'लगायतका विषयमा पर्यटन विशेषज्ञहरूले ज्ञान आदनप्रदान गर्नेछन् । साथै प्रदर्शनीमा बिटुबी प्रदर्शनी, व्यावसायिक बैठक तथा सञ्जाल विस्तारका सत्रहरू पनि आयोजना हुनेछन् । प्रदर्शनीले भारत र चीनबाट धेरैभन्दा धेरै पर्यटक नेपाल ल्याउनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । साथै पर्यटन सम्भावना र एकीकृत व्यापार प्रवर्द्धनका लागि पनि प्रदर्शनी सहयोगी बन्ने विश्वास गरिएको छ । कार्यक्रमले तीन देशबीच विशेष गरी पर्यटन, आतिथ्य र सम्बन्धित उद्योगका क्षेत्रमा व्यापारिक सञ्जाल र सहकार्य अभिवृद्धि गरी व्यापार सम्बन्धलाई थप सुदृढ गर्न मद्दत गर्नेछ। पोखरा भ्रमण वर्ष २०२५ को सन्दर्भ पारेर पहिलोपटक करिब २० करोड पर्यटकको यात्रा व्यवस्थापन गर्ने नेपाल, भारत र चीनका विश्वप्रसिद्ध ट्राभल कम्पनीहरू, टुर अपरेटरहरू, पर्यटनविद्हरू, तथा आयोजक संस्थाका अन्तरराष्ट्रिय प्रतिनिधिहरू पोखरामा भेला हुन महत्त्वपूर्ण र ऐतिहासिक क्षण भएको पोखरा महानरपालिका प्रमुख धनराज आचार्यले बताउनुभयो । अन्तरराष्ट्रिय प्रदर्शनीले भविष्यमा अपेक्षित पर्यटकलाई आमन्त्रण गर्न महत्वपूर्ण भूमिका खेल्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । नेपाल, भारत र चीनबीचको पर्यटन, व्यापार, र सांस्कृतिक सम्बन्धलाई अझ प्रगाढ बनाउने उहाँको भनाइ छ । "यो विशेष कार्यक्रम हाम्रो क्षेत्रीय सहकार्य र समृद्धिको सेतु बन्नेछ", महानगरप्रमुख आचार्यले भन्नुभयो, "व्यापार, पर्यटन, र साझेदारीलाई बलियो बनाउन, हामी सबैको साथ र सहभागिता अपरिहार्य छ ।"पोखराको पर्यटन प्रवर्द्धनमा प्रदर्शनी विशेष महत्वको हुने पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले बताउनुभयो । "एक्स्पोले पोखराको पर्यटकीय सभ्भावनालाई पनि थप उजागर गर्नेछ", उहाँले भन्नुभयो, "पोखरासहित समग्र देशको पर्यटन प्रवर्द्धनसँगै त्रिदेशीय पर्यटकीय साझेदारीका लागि पनि यो महत्वपूर्ण उपलब्धि हुनेछ।"

## सराङकोटमा हुने महायज्ञ एवं पर्यटन महोत्सवको तयारी अन्तिम चरणमा

पोखरापत्र संवाददाता
पोखरा, १२ फागुन



यही फागुन १४ गते बुधबार सराङकोटमा सुरु हुने श्रीमद् भागवत ज्ञान महायज्ञ एवम् धार्मिक पर्यटन महोत्सवको तयारी अन्तिम चरणमा पुगेको छ।

सराङकोट धार्मिक एवं पर्यटन क्षेत्र विकास समितिको आयोजनामा फागुन २१ गतेसम्म संचालन हुने उक्त महायज्ञ एवं महोत्सवको तयारी अन्तिम चरणमा पुगेको समितिका अध्यक्ष एवं महायज्ञ मुल आयोजक समितिका अध्यक्ष प्रेम बहादुर जिसिले बताउनुभयो।

महायज्ञको पहिलो दिनमा पोखराको सिमपानी स्थित गाइघाँटदेखि जल सहितको कशल यात्रा हुने भएको उहाँले जनाउनु भयो । उक्तः स्थानमा सराङकोट धाम बनाउने उद्धेश्यले महायज्ञ एवं पर्यटन महोत्सव गर्न लागिएको संयोजक जिसिले जनाउनु भयो। पर्यटकीय नगरी पोखराको सराङकोटमा हालसम्म निर्माण भएका पर्यटकीय एवं धार्मिक स्थलहरुको राष्ट्रपति रामचन्द्र पौडेलबाट उद्घाटन हुने भएको छ। महायज्ञ संचालनकै क्रममा राष्ट्रपति पौडेलबाट फागुन १७ गते औपचारिक उद्घाटन हुने भएको समितिले जनाएको छ । सराङकोटमा हालसम्म निर्माण भएका करिब ३५ करोडका विभिन्न भौतिक संरचनाहरुको उद्घाटन हुने तयारी गरिएको अध्यक्ष जिसीले बताउनु भयो। विशाल शिवमन्दिर, नेपालकै पहिलो बिशाल पञ्चमुखी गणेश मुर्ति, भ्यूटावर, १०८ शिव लिङ्ग, १०८ धारा, भुमे कालिका मन्दिर, गणेश मन्दिर, होमन कुण्ड, स्वागतद्धार, बहुउद्देशिय भवन लगायतका भौतिक संरचना सराङकोटमा निर्माण भएको संयोजक जिसीले जनाउनु भयो। सराङकोट धार्मिक पर्यटन क्षेत्र विकास समितिको नेतृत्वमा २०६१ देखि वृहत गुरुयोजना मार्फत उक्तः परियोजना निर्माण हुदै हालसम्म ४ पटक आयोजना भएका महायज्ञ तथा दाताको सहयोग र सरकारको सहयोगमा उक्तः संरचना निर्माण भएको समितिले जनाएको छ। महाशिवरात्रि जस्तो पवित्र दिनदेखि आरम्भ हुने यो महायज्ञले धार्मिक अनुयायीहरूको ध्यान तान्ने मात्र होइन, महादेवप्रति भक्तिभाव व्यक्त गर्ने एउटा अनुपम अवसर पनि प्रदान गर्ने भएको महायज्ञका प्रमुख वाचक भागवत् भाष्कर पण्डित कमलनयन गौतमले बताउनुभयो । यस अवसरमा भागवत ज्ञानको गहिरो अर्थ र शिक्षालाई समाजमा प्रवाह गर्दै धार्मिक एकता र शान्तिको सन्देश फैलाउने आफुहरुले विश्वास गरेको उहाँले जनाउनु भयो । सराङकोट, आफैमा पर्यटकीय हुदै प्रसिद्ध धार्मिक क्षेत्रको रुपमा समेत विकसित हुदै आएको पोखरा महानगरपालिका वडा नं. १८ का वडा अध्यक्ष शिव प्रसाद तिमिल्सिनाले बताउनुभयो । सराङकोट पर्यटकीय गन्तव्य भएको दाबी गर्दै उहाँले प्राकृतिक सौन्दर्य र हिमालको सुन्दर दृश्यावलोकनका लागि लोकप्रिय रहेको उहाँले जनाउनु भयो।

महायज्ञले स्थानीय उत्पादन र व्यवसाय प्रवर्द्धन गर्न सहयोग पुऱ्याउने अन्नपूर्ण केबुलकारका महाप्रवन्धक दिनेश पौडेलले बताउनुभयो। धार्मिक र पर्यटकहरूको आगमनले स्थानिय अर्थतन्त्रमा सकारात्मक प्रभावका लागि स्थापित अन्नपूर्ण

बाँकी अन्तिम पृष्ठमा ▶▶

## नि:शुल्क डायलासिस सेवाले बिरामीलाई राहत

पोखरापत्र संवाददाता
पोखरा, १२ फागुन

गण्डकी प्रदेशका नौ सरकारी र छ निजी गरी १५ वटा स्वास्थ्य संस्थाबाट आठ सय १५ जना मिर्गौलाका बिरामीले निःशुल्क डायलासिस सेवा लिइरहेका छन्।

चालु आर्थिक वर्षको गत पुससम्ममा २० हजार पाँच सय पटक डायलासिस सेवा प्रवाह गरिएको प्रदेशको स्वास्थ्य मन्त्रालयले जनाएको छ। प्रदेशभर एक सय ४० वटा डायलासिस मेसिन सञ्चालनमा छन्। सरकारले निःशुल्क डायलासिस सेवा सुरु गरेपछि गण्डकी प्रदेशभित्रका बिरामीको रु १६ करोड ५० लाख व्यक्तिगत खर्च घटेको प्रादेशिक स्वास्थ्य निर्देशनालयका महानिर्देशक खिमबहादुर खड्काले बताउनुभयो । उहाँका अनुसार अझै एक सय एक जना बिरामी उक्त सेवा लिन प्रतिक्षारत छन् । डायलासिसका लागि पर्खाइमा रहेका बिरामीको सङ्ख्यालाई शून्यमा झार्ने स्वास्थ्य मन्त्रालयको योजना छ।

यसअघि अस्पतालमा लामो समयसम्म पालो नपाउँदा डायलासिस सेवाका लागि बाहिर जानुपर्ने अवस्था थियो। प्रदेश सरकारले कास्कीको प्रादेशिक जनरल तथा सरुवा रोग अस्पतालमा २५ शय्याको सुविधासम्पन्न डायलासिस केन्द्र सञ्चालनमा ल्याएपछि उक्त सेवा सहज बनेको हो । प्रदेशभित्रका बिरामीलाई प्रदेशभित्रैका अस्पतालमा डायलासिस सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरुको क्षमता विस्तार भइरहेको महानिर्देशक खड्काले जानकारी दिनुभयो । "पहिलेजस्तो डायलासिस सेवाका लागि शय्या नपाएर बाहिरका अस्पतालमा जानुपर्ने अवस्था छैन", उहाँले भन्नुभयो, "विस्तारै यो सेवा सहज बन्दै गएको छ।"

मनाङ र मुस्ताङबाहेकका जिल्लामा डायलासिस सेवा विस्तार भइसकेको उहाँले बताउनुभयो।

मिर्गौलाका बिरामीको बढ्दो सङ्ख्याअनुसार अस्पतालमा उपकरण र जनशक्ति व्यवस्थापन गर्दै लगिने स्वास्थ्य मन्त्रालयले जनाएको छ । नेपाल सरकारले सात वर्षअघि डायलासिस सेवालाई निःशुल्क बनाउने घोषणा गरेको थियो।


## महाशिलाको तरकारी पोखरामा, चार महिनामै ८५ लाखको कारोबार

पोखरापत्र संवाददाता
पर्वत, १२ फागुन

महाशिला गाउँपालिकाले ढुवानीमा अनुदान दिएपछि स्थानीय तरकारी जिल्लाबाहिर निर्यात हुन थालेको छ।

पछिल्लो चार महिनामा मात्रै यहाँबाट रु ८५ लाख बराबरको तरकारीको बजारीकरण भएको गाउँपालिकाले जनाएको छ । गाउँपालिका अध्यक्ष ईश्वरीप्रसाद भुसालले ढुवानीमा अनुदानपछि कात्तिकदेखि माघ महिनासम्म रु ८५ लाख बाराबरको तरकारी बिक्री भएको बताउनुभयो । उहाँकाअनुसार गत कात्तिकमा रु ३६ लाख १९ हजार, मङ्सिरमा रु १३ लाख ७८ हजार ८३५, पुसमा रु २९ लाख ९७ हजार ८८० र माघमा रु १८ लाख १२ हजार १८५ बाराबरको तरकारी बिक्री भएको हो । महाशिलामा फर्सी, आलु, अकबरे खुर्सानी, साग, ब्रोकाउली, काउली, बन्दाकोभी, स्कुस, लौका, कात्रो, टमाटर, भिन्डी, सिमी, बोडीलगायत तरकारी उत्पादन हुने गरेको छ। यहाँका कृषकहरूले मौसमी तथा बेमौसमी तरकारीखेती गर्ने गरेका छन् । गाउँपालिकासँगको सहकार्यमा यहाँ हेफर इन्टरनेशनल नेपालको सहयोगमा इन्प्रेड नेपालले ग्रामीण महिला उद्यमसम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेको छ।

उक्त परियोजनाबाट यहाँका आठ सय ७५ परिवार लाभान्वित भएका छन्। हाल यहाँ एक हजार एक सय ३९ रोपनी जग्गामा तरकारी खेती गरिएको छ । संस्थाले उत्पादित तरकारी तथा खाद्यान्न बाली घरेलु बजारका साथै जलजला, वालिङ, पोखरा, काठमाडौँलगायत क्षेत्रमा बिक्री वितरण गर्न सहजीकरण गरिरहको इन्प्रेड नेपालका कार्यक्रम अधिकृत टुकप्रसाद शर्माले बताउनुभयो । पालिकाका छ वटै वडामा सडकको पहुँच विस्तार भएपछि कृषकलाई व्यावसायिक तरकारीखेती गर्न सहज भएको छ । गाउँपालिकाले कृषिजन्य उत्पादनमा अनुदानस्वरूप प्रति किलो रु पाँच उपलब्ध गराउँदै आएको छ । पालिकाले तरकारी मात्र नभएर खसी बोकामा समेत प्रति किलो रु २५ का दरले अनुदान उपलब्ध गराउँदै आएको छ । स्थानीयलाई व्यावसायिक उत्पादनका लागि उत्प्रेरित गर्ने उद्देश्यले पालिकाले अनुदान सहयोग गर्न थालेको अध्यक्ष भुसालले बताउनुभयो। यसले कृषि पेसातर्फ आकर्षित हुनेको सङ्ख्या बढ्दै गएको उहाँले बताउनुभयो।



# सहारा आविले मनायो २८औं वार्षिकोत्वस

**पोखरापत्र संवाददाता**
पोखरा, १२ फागुन



पोखरा-९, वसपार्कमा रहेको सहारा बाल आधारभूत विद्यालयले विद्यालयको २८औं वार्षिकोत्व, अभिभावक दिवस तथा पुरस्कार वितरण कार्यक्रमका साथसाथै पोखरा मनपा वडा नं ९ ले सो विद्यालयमा स्थापना गरेको प्राथमिक उपचार कक्षको समुद्धाटन सम्पन्न गरेको छ। गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका माननीय मन्त्री विन्दुकुमार थापाको प्रमुख आतिथ्यमा सो कार्यक्रम सम्पन्न भएको हो।

कार्यक्रममा विद्यालयकी प्रधानाध्यापक लोचना अधिकारीले समग्र विद्यालयमा यस वर्ष भएका गतिविधीहरु सहित स्वागत मन्तव्य का साथसाथै वार्षिक प्रतिवेदन प्रस्तुत गरेकी थइन् भने कक्षा ८ कि छात्रा मेनुका तामाङले विद्यार्थीहरुको तर्फवाट स्वागत मन्तव्य राखेकी थइन्। हाल २५२ जना विद्यार्थीहरु अध्ययन गर्ने विद्यालयमा विभिन्न समयमा सहयोग प्रदान गर्ने दाताहरुः पोखरा मनपा वडा नं ९ को कार्यालय, सहारा क्लब युके, विद्यालयका पूर्व अध्यक्ष दुर्गा बहादुर गुरुङ,डा.प्रिया गुरुङ, सुवेदार्नी धनकुमारी गुरुङ, अमर गुरुङ, सुदर्शन रञ्जित,चिल्ड्रेन नेपाल, रामजी तिवारी, अक्षयकोष दाता लेखनाथ चालिसे, राजु लालचन र विद्यालयमा कार्यरत शिक्षक द्वय शान्ति सुवेदी बराल र रुक्मिनी भट्टराईलाई मन्त्री थापाले प्रशंशा पत्र वितरण गरेका थिए। कार्यक्रममा विशेष अतिथी शिक्षा विकास समन्वय एकाई कास्कीका प्रमुख लोकनाथ आचार्यले मूलतः सामुदायीक विद्यालयहरुमा कमजोर आर्थीक अवस्थाका अभिभावकहरु का बालबालिकाहरु अध्ययन गर्ने र उनिहरुको विद्यालयमा अन्तरक्रिया निकै कम हुने हुँदा अभिभावकहरुलाई विद्यालयसंग अन्तरक्रिया संगसगै आफ्ना बालाबालिकाहरुको पठाईवारे चासो प्रकट गर्नमा अभिभावकहरूलाई अपिल गरे। सोहि क्रममा आचार्यले विद्यालयको थप प्रगतिका लागी शुभकामना समेत व्यक्त गरे। कार्यक्रममा अर्का विशेष अतिथी पोखरा मनपा वडा नं ९ का वडा अध्यक्ष दिपेन्द्र मर्सानीले विद्यालयलाई २८ वर्ष सम्म ल्याउन हरेक तहवाट लागी पर्नुहुने व्यक्तित्वहरुको योगदानप्रती आभार प्रकट गरे। प्रमुख अतिथी गण्डकी प्रदेशका समाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले मन्तव्यका क्रममा विद्यालयको प्रगति प्रति खुशि व्यक्त गर्दै विद्यालयलाई भौतिक रुपमा संरचना निर्माणमा कठिनाई रहेको जानकारी गराउदै विद्यालयलाई आवश्यक पर्ने प्रविधिमैत्री तथा अन्य सामाग्रीहरु प्रदान गर्नेमा आश्वस्थ पारे। सोहि क्रममा विद्यालयलाई भोलिका दिनमा स्थान्तरण गर्नुपर्ने अवस्था सृजित भएमा पनि विद्यालयलाई वडा नं ९ मा नै स्थापत गराउनेमा अफू प्रतिवद्द रहेको समेत वताए। विद्यालयका शिक्षक सुदिप कोइरालाले कार्यक्रम सञ्चालन गरेका थिए।

# पोखरा ३१ द्वारा कृषकहरुलाई लहरे बालीको बीउ बितरण

**पोखरापत्र संवाददाता**
पोखरा, १२ फागुन

पोखरा महानगरपालिका वडा नम्बर ३१ को कार्यलयले कृषकहरुलाई लहरे बालीको बीउ बितरण गरेको छ।

कार्यलयले सोमबार एक कार्यक्रमको आयोजना गरि पोखरा महानगरपालिका वडा नम्बर ३१ को कृषि संजाल मार्फत वडा भित्र रहेका किसानहरुलाई लहरे तरकारी बालीको बिउ हस्तान्तरण हो। कार्यक्रममा वडा नम्बर ३१ मा रहेका ४८ वटा आमा समुह, टोल बिकास संस्था र कृषि समुहलाई लहरे तरकारी बालीको बीउ हस्तान्तरण गरिएको कृषि संजाल पोखरा- ३१ का अध्यक्ष केशबराज तिवारीले जानकारी दिनुभयो। उहाँका अनुसार न्यु नारायणी जातको घिरौला, भक्तपुरे लोकल का'क्रो, पाली जातको करेला, डबल हार्भेष्टको तुने बोडी, प्रकासे बोडी, घ्यु सीमी, लौका, र चिफ्ले भिन्डी गरि १ लाख ५० हजार बराबरको बिउ बितरण गरिएको छ। ४८ वटा समुहलाई हस्तान्तरण गरिएको बिउ त्यि समुह मार्फत हरेक कृषकको घर-घरमा पुर्याईएको उहाँको भनाई थियो। बिउ हस्तान्तरण कार्यक्रमको शुभारम्भ गर्दै पोखरा महानगरपालिका वडा नम्बर ३१ का वडा अध्यक्ष ढकनाथ कडेलले किसानको जीवन स्तर उकास्नको लागि र जिबिको पार्जनमा सहयोग पुर्याउने उदेश्यको साथ बीउ बितरण गरिएको बताउनु भयो। उहाँले यो बिउलाई सहि सदुपयोग गरेर आफूलाई खाने तरकारी उत्पादन गरि बाँकी भएको तरकारी बिक्री बितरण गरि आय आर्जन गर्न समेत आग्रह गर्नुभयो। पोखरा महानगरपालिका ३१ कृषि संजालका अध्यक्ष केशबराज तिवारीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन वडा कार्यलयका सुचना अधिकारी माधबराज तिमिल्सिनाले गर्नु भएको थियो।


**सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड**
**Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited**
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था)
कर्पोरेट कार्यालयः महालक्ष्मी-४, इमाडोल, ललितपुर, फोन नं.: ०१-५९१२७५२
Website : www.swmfi.com.np
को

**संस्थापक शेयर बिक्री सम्बन्धी ३५ दिने सूचना !**

सूचना प्रकाशित मिति २०८१/११/१३ गते

सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडको देहायका संस्थापक शेयरधनीले देहाय बमोजिमको संस्थापक शेयर बिक्री गर्न ईच्छुक भई वित्तीय संस्था समक्ष निवेदन दिनु भएको र नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम बिक्री गर्न प्रस्ताव गरिएको संस्थापक शेयर खरिद गर्ने पहिलो हक विद्यमान संस्थापकहरुमा रहने भएकोले उक्त शेयर खरिद गर्न विद्यमान संस्थापक शेयरधनीहरुका लागि सूचना प्रकाशित गरिएकोमा विद्यमान संस्थापक शेयरधनीहरुबाट कुनै आवेदन नआएको हुँदा संस्थापक भन्दा बाहिर सर्वसाधारणहरुबाट उक्त शेयर खरिद गर्न इच्छुक सर्वसाधारणले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आवश्यक कागजात प्रमाण संलग्न गरी वित्तीय संस्थाको कर्पोरेट कार्यालय महालक्ष्मी ०४, ललितपुर वा शेयर रजिष्ट्रार, कुमारी क्यापिटल लिमिटेड काठमाडौं-१ नक्साल, नागपोखरी आईपुग्ने गरी आवेदन गर्नुहुन सूचित गराईएको छ। सो शेयरको बिक्री मूल्य बिक्रेताले तोके बमोजिम हुनेछ।

**तपसिल**

| क्र.सं. | शेयरधनीको नाम, ठेगाना | बिक्री गर्ने शेयर संख्या |
|---|---|---|
| १. | कमला शर्मा, आँधिखोला-०२, स्याङ्जा | ९,५८७ कित्ता (नौं हजार पाँच सय सतासी मात्र) |


# नवग्रह मन्दिरमा सवाँ करोड दिप प्रज्वलन

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १२ फागुन

नेपालकै पहिलो नवग्रह मन्दिरको अनुष्ठान, गीता ज्ञान महायज्ञ तथा धार्मिक महोत्सवमा सवाँ करोड दिप प्रज्वलन (एक करोड २५ लाख) गरिएको छ।

अर्जुनचौपारी गाउँपालिका-१ जलबराह धार्मिक वनमा निर्माण भएको नवग्रह मन्दिरमा आयोजना गरिएको अनुष्ठान, गीता ज्ञान महायज्ञ तथा धार्मिक महोत्सवको सातौ दिनमा दिप प्रज्वलन गरिएको हो।

सवाँ करोड दिप यहाँको नवग्रह मन्दिर, षट्कोण शिवालय र पञ्चकन्या मन्दिरमा एकै चोटी प्रज्वलन गरिएको हो। दिप प्रज्वलनमा हजारौको सख्यामा भक्तजनको सहभागिता रहेका थियो। पालिकाले गत बर्ष शिवरात्री कै दिनमा सुरुवात गरेर एक बर्षमै देशकै पहिलो नवग्रह मन्दिर निर्माण गरिएको हो।

फागुन १४ गते शिवरात्री सम्म चल्ने धार्मिक महोत्सव १४४ बर्षमा आएको महाकुम्भको समयमा महाशिवरात्रीको अवसर पारेर गरिएको हो। नवग्रह मन्दिरमा गरिएको धार्मिक महोत्सवमा दैनिक हजारौ भक्तजनले पूजाआजा तथा दर्शन गरेका छन्। मन्दिरमा पुजाको तथा दर्शनको लागि दैनिकजसो भक्तजनको घुईचो लाग्दा लाइन लगाउनु परेको छ। अनुष्ठान, गीता ज्ञान महायज्ञ तथा धार्मिक महोत्सवको सातौं दिन सम्म ७५ हजार भन्दा धेरै भक्तजनले पूजाआजा तथा दर्शन गरेको गाउँपालिका अध्यक्ष प्रकाश तिवारीले बताउनुभयो।

यहाँ देश मात्र नभई छिमेकी देश भारत, जिल्ला मात्र नभई पुर्वको झापा देखी पश्चिमको कञ्चनपुर सम्मका भक्तजनले यहाँको नवग्रह मन्दिरमा पूजाआजा र दर्शन गरेको तिवारीलको भनाई थियो। दिप प्रज्वलन सँगै यहाँ चार बेदको पाठ पारायण, गायत्री मन्त्रद्धारा सवालाख हवन, धार्मिक अर्न्तक्रिया, सन्ध्याकालिन महाआरती तथा भजनकृतन चलि रहेको छ। अनुष्ठान एवं धार्मिक महोत्सवमा आचार्य श्री चैतन्वय कृष्ण महाराज गूरु प्रमुख बाचक रहनु भएको छ भने यहाँ डाक्टर केएन स्वामीले समेत शनिबार धार्मिक प्रवचन दिनु भएको छ। घर तथा शक्तिपीठमा नवग्रहको प्रतिमा राखेर पूजा गर्ने गरिएकोमा नेपालमै नवग्रह मन्दिरको दर्शन तथा पूजा अर्चना गर्न पाइएको हो। १५७ रोपनी क्षेत्रफलमा फैलिएको यस धार्मिक वनमा नवभूज आकारको आकाश तर्फ फर्केको २७ फिट अग्लो नवग्रह मन्दिर बनाइएको छ।

पिलरको १४ फिटमा सुर्य, शुक्र, केतु, चन्द्र, मङ्गल, बुध, शनि, बृहस्पती र राहुका प्रतीक राखिएको छ भने पिलरको नौ वटा भुजामा ग्रह अनुसारका रङ लगाइएको छ। नवग्रह मन्दिरसँगै



षट्कोण शिवालय बनाइएको छ भने षट्कोण शिवालयको बीचमा पशुपतिनाथको जस्तै पञ्चमुखी शिवलिङ्ग (सात क्वीन्टल) र कोणमा गणेश, कुलदेवता, लक्ष्मी, कालभैरव, हनुमानको मूर्ति राखिएको छ।

यस मन्दिरमा षट्कोण शिवालयको एक छेउबाट प्रवेश गरेर गणेश, कुलदेवता (तेलको पोखरी), स्ष्टदेवताको पूजा गरेर बीचमा रहेको पञ्चमुखी शिवलिंगको दुई पटक घुमेर पूजा गरेसँगै हनुमान, लक्ष्मी, कालाभैरवको पूजा गरेर बाहिर निस्किने बनाइएको छ। षट् कोण शिवालयको पूजा पश्चात देवरे छेउँबाट हिडेर करिब तीन सय मिटर टाढा रहेको बर्षौ देखी पूजा अर्चना गरिदै आएको पञ्चकन्याको मन्दिरको दर्शन गरिने छ। त्यस पश्चात विपरितबाटो दियो आकारको पूर्व तर्फ फर्केको नवग्रहमन्दिर पुगिने छ। नौ चक्रमा रहेको मन्दिरको एक ठाउँबाट छिरेर परिक्रमा सहितको पूजा गरेपछि सुरुङबाट बाहिर निस्कने छ। यहाँ नव्रग्रह यन्त्र, शिवयन्त्र र एक मण्डला समेत निर्माण गरिएको छ भने यस मन्दिरमा विवाह नहुने हुदाँ सँगै रहेको राधाकृष्ण मन्दिरको मर्मत समेत गरिएको छ। यहाँ षट्कोण शिवालयका मुर्तिको अस्तित्वमा रहेको कर्णको मुर्ति नवग्रह तर्फ फर्कायर करिब तीन सय मिटर पूर्वको जंगलमा राखिएको छ। यहाँ आउने हरेक भक्तजनलाई रुद्राक्षको माला लगाउने ब्यवस्था गरिएको छ भने भोकै आउनेलाई निःशुल्क खानाको ब्यवस्था गरिएको छ। अनुष्ठानसँगै अब नवग्रह मन्दिर शनिबार मात्र खुला हुनेछ भने नौमध्ये एक चक्रमा भने हरेक दिनमा पनि पूजा गर्न सकिने छ।

# लामाचौरमा शिव दर्शन यात्रा, घार्मीमा शिव महिमा

**पोखरापत्र संवाददाता**
पोखरा, १२ फागुन

महाशिवरात्री पर्व नजिकिदै आउँदा देशभरका शिव मन्दिरमा शिवरात्री पर्व मनाउँन तयारी शुरु भएको छ।

हिन्दु धर्मालम्वीका आराध्यदेव भगवान शिवको पुजा अर्चना गरी शिवरात्री पर्व मनाउँने परम्परा छ। यही फागुन १४ गते परेको महाशिवरात्रीका लागि देशभरका शिव मन्दिरमा सजिसजावट गरी तयारी तिब्र पारिएको बताईएको छ ।शिवरात्री पर्वकै अवसरमा पोखरामा रहेका विभिन्न शिव मन्दिरमा पनि भगवान शिवको महिमा र पर्व मनाउँन तयारी शुरु भएका छन् ।पर्वकै अवसरमा लामाचौरस्थित नव आदर्श सामुदायिक विकास समाजले छैटौं संस्करणको शिव दर्शन यात्राको तयारी गरेको छ। यस क्षेत्रलाई धार्मिक क्षेत्रको रुपमा विकास गर्ने उद्धेश्यले विगत ६ वर्षदेखि



समाजले यात्रा थालनी गरेको हो। विभिन्न झाँकी, बाजागाजा र भजन किर्तन सहित हुने यात्राको तयारी अन्तिम चरणमा पुगेको अध्यक्ष ई.दिनेश भण्डारीले जानकारी दिनुभयो ।स्थानिय कणेश्वर शिवालयवाट शुरु हुने शिव यात्रा, महेन्द्रेश्वर शिवालय, जलेश्वर शिवालय, सुरथेश्वर शिवालय हुँदै सर्वेश्वर शिवालय मन्दिरमा पुगेर समापन हुने अध्यक्ष भण्डारीले बताउनुभयो। विहान ७ बजेदेखि नै यात्रा शुरु हुने र कार्यक्रममा त्यस क्षेत्रका धार्मिक संघ संस्था, ओम शान्ती, आमा समुह, युवा क्लव, भजन समुह तथा टोल विकास संस्थाको सहभागिता रहने बताईएको छ। नयाँ पुस्तामा धार्मिक जागरण र चेतना ल्याउन यात्रा महत्वपुर्ण हुने समाजले जनाएको छ।

यस्तै पोखरा १९ घार्मीमा रहेको ओमकारेश्वर महादेव मन्दिरमा पनि शिवरात्री पर्वको तयारी तिब्र पारिएको छ ।प्रत्येक वर्ष शिवरात्री पर्वलाई विशेष रुपमा मनाउँदै आएको मन्दिर व्यवस्थापन समितिले बुधवार मन्दिर परिसरमा भजनकिर्तन गरी शिव धुनी जगाएर आराध्यदेव शिवको महिमा प्रस्तुत गरिने समितिका अध्यक्ष ढुण्डिराज पौडेलले जानकारी दिनुभयो ।विहानै देखि पवित्र जल,दुध चढाउने कार्य शुरु हुने र यो क्रम दिनभर नै जारी रहने तथा साँझ शिव धुनीमा जल चढाए पछि रातभर भजनकिर्तन गरिने तयारी भएको स्थानिय युवा अर्जुन पौडेलले बताउनुभयो।

पर्वलाई लक्षित गरी मन्दिर परिसरलाई सजिसजाउ गरिएको छ ।धार्मिक पर्यटकीय क्षेत्रको रुपमा रहेको सो स्थलवाट पोखरा सहित माछापुच्छे र अन्नपुर्ण हिमश्रृखंलाको दृश्य अवलोकन गर्न सकिन्छ।

# सराङ्कोट...

केबुलकार मार्फत निर्माण अन्तिम तयारीमा रहेको नेपालकै पहिलो पञ्पमुखी गणेश मुर्तीले पोखरामा धार्मिक पर्यटकको आगमन बृद्धि हनु उहाँले विश्वास व्यक्त गर्नुभयो। रोडसो कन्स्ट्रक्सन प्रा.लि.,अन्नपूर्ण केवलकारका अध्यक्ष कालु गुरुङको नेतृत्वमा विभिन्न दाताको सहयोगबाट ११ करोडको लागतमा पञ्चमुखी गणेशको मुर्ती स्थापना भएको समितिका अध्यक्ष जिसीले जनाउनु भयो। धार्मिक आस्था, पर्यटन प्रेम, र सांस्कृतिक महत्त्वलाई आत्मसाथ गर्दै फाल्गुन १४ देखि २१ सम्म सम्पन्न हुने धार्मिक पर्यटन महोत्सव सम्पन्नका लागि एक हजार एक सय ११ सदस्य मुल आयोजक समिति र ११ वटा विभिन्न समिति मार्फत स्थानिय संघ संस्था, विभिन्न समुहहरुलाई समेटी महाउत्सवको तयारी तिव्र पारिएको महायज्ञका प्रचार प्रसार संयोजक कृष्ण थापाले हामीले बताउनु भयो। महाउत्सव सम्पन्नका लागि सराङकोट क्षेत्रका सम्पूर्ण क्लव, आमा समुह सहित विभिन्न संघ संस्थाहरुको साथ र सहयोग हुने भएको प्रचार प्रसार समितिका सहसंयोजक बलराम तिमिल्सिनाले बताउनु भयो। सराङकोट धाममा निर्माण गरिएका सम्पूर्ण संरक्षण बाल उध्यान, योग ध्यान केन्द्र सहित दृष्य अवलोकनका लागि आकाशे शिशाको पुल सहितको थप योजना सम्पन्नको लागि महाउत्सव कोषेढुंगा सावित हुने सचिव दिल बहादुर जिसीले बताउनुभयो।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : विसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावाडीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । –गीता

## सम्पादकीय

# माओवादीको हुलाकी लोकमार्ग अभियान

प्रतिपक्षी नेकपा माओवादी केन्द्रको हुलाकी षज नेतृत्व अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले गरेका छन । प्रचण्डले पार्टीका पदाधिकारीलाई लिएर अभियानको नेतृत्व गरेका छन् । यो अभियानलाई माओवादी नेतृत्वले आगामी आमचुनावको तयारीका रूपमा लिएको छ । 'विगतमा कहिले कांग्रेससँग र कहिले एमालेसँग सहकार्य गर्दा आफ्नो मुद्दाबाट, आफ्नो वर्गसँग, आफ्नो जनतासँगको सम्बन्धबाट, शहीद परिवार र बेपत्ता योद्धा परिवारसँगको सम्बन्धबाट केही न केही बिमुख हुन पुग्यौं,' अभियान उद्धाटन गर्दै प्रचण्डले भने, 'जानेर पुग्यौं वा नजानेर पुग्यौं, तर पुग्यौं । त्यसकारण हामीले एउटा संकल्प गर्‍यौं- अब हामी त्यसो गर्ने छैनौं । जनतासँग नै सम्बन्ध बनाएर जानेछौं ।'

विगतको गल्तीप्रति आत्मालोचना गर्दै माओवादी केन्द्र फेरि जनताको बीचमा आएको प्रचण्डको भनाइमा अरु पदाधिकारीको पनि समर्थन छ। अभियान उद्धाटनका क्रममा प्रचण्डले तत्काल सत्तामा जाने गल्ती नगर्ने प्रतिबद्धता पनि जनाए । '...अध्यक्षज्यू, कुनै हालतमा यो बीचमा सरकारमा नजानु होला, सबैतिर मलाई सुझाव त्यही नै छ,' प्रचण्डले भने, '...अहिले सरकारतिर होइन, हाम्रो ध्यान जनतातिरै छ ।' संसद्बाटै सत्ताको खेलमा नअल्मलिने घोषणा गरेको प्रचण्डले सम्झिए । तर अभियानभर माओवादी नेताहरूले वर्तमान सरकार देश र जनताको हितमा नरहेको सन्देश फैलाउने प्रष्ट संकेत दिएका छन् । अर्थात् विगतका गल्तीमा माफी माग्दै माओवादीले यो अभियान मार्फत जनतासँग सम्बन्ध सुधार्ने योजना बनाएको देखिन्छ। विगतमा जनताको साथ पाएरै सबैभन्दा ठूलो शक्ति बनेको, र फेरि त्यस्तै दिन साथ जनतासँग माग्ने नेताहरूले बताएका छन् ।

प्रतिपक्षी भूमिकामा धकेलिँदै गर्दा प्रचण्डले गत साउन अन्तिम सातातिरै जनताको बीचमा जाने घोषणा गरेका थिए । तर, पार्टीभित्रको आन्तरिक समस्या र चाडबाडहरूका कारण माओवादीको अभियान ढिलो गरी सुरु भएको हुनसक्छ । अध्यक्ष प्रचण्डले नेपाली कांग्रेस र नेकपा एमालेसँग सहकार्य गरिरहनु गल्ती नै भएको बताए । '...आत्मआलोचना गर्दै भूल स्वीकारेर जाँदा जनताले पक्कै पनि साथ दिनेछन् भन्ने हाम्रो विश्वास छ। हामी आफ्नै खुट्टामा उभिएर चुनाव लड्छौं,' प्रचण्डले भनेका छन् । अभियानको योजना नै माओवादीले कांग्रेस र एमालेको साथ नपाउने निश्चित भएपछि अगाडि बढाएको हो । गत १७ असारमा ७ बुँदे सहमति गर्दै कांग्रेस र एमालेले सत्ता सहकार्य थालेपछि माओवादी केन्द्र ९ वर्षपछि प्रमुख प्रतिपक्षी दल बनेको थियो ।

प्रतिपक्षी भूमिकामा धकेलिँदै गर्दा प्रचण्डले गत साउन अन्तिम सातातिरै जनताको बीचमा जाने घोषणा गरेका थिए । तर, पार्टीभित्रको आन्तरिक समस्या र चाडबाडहरूका कारण माओवादीको अभियान ढिलो गरी सुरु भएको के गर्ने भन्ने आफ्नो अठोट आँफ्न हो । केन्द्रीय कमिटी बैठक राख्नु र अभियानको प्रस्ताव पारित गर्नलाई नै माओवादीलाई पुस तेस्रो साता पर्खनु परेको थियो । गत वर्ष एमालेले मध्य पहाडी लोकमार्गमा अभियान चलाएको थियो ।

# दरगाउँटारका महिलाको पाठेघरको मुखको क्यान्सर परीक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, १२ फागुन

रोटरी क्लब अफ पोखरा न्युरोड, रोटरी क्लब अफ नक्साल शक्ति र रोटरी क्लब अफ पोखरा क्यापिटलको संयुक्त आयोजना तथा गण्डकी मेडिकल कलेजको प्राविधिक सहयोगमा दरगाउँटारमा पाठेघरको भिआइए परिक्षण कार्यक्रम शनिबार सम्पन्न भएको छ ।

रुपा-१, दरगाउँटार स्थित सरस्वती आधारभूत विद्यालयको प्राङ्गणमा भएको उक्त कार्यक्रममा १०० जनाको स्वास्थ्य परीक्षण गर्दा १२ जना महिलाहरुमा भिआईए पोजेटिभ देखिएको गण्डकी मेडिकल कलेज पोखराकी स्त्रीरोग तथा प्रसुती डा. बालकुमारी शाहले वताइन् । उनको टिममा डा. निरुता बुद्ध, डा. पूजा घिमिरे, डा. सुरेश शाह र शुवेच्छा थापा रहेका थिए । हालसम्म पोखरा १६ जुम्लेटी, पोखरा ७ घारीपाटन, फेदीखोला ३ भाटखोला स्याङ्जा, पोखरा ५ मालेपाटनमा ४६७ जनाको भिआईए परिक्षण भएकोमा २७ जनामा पाठेघरको संक्रमणको



संकेत देखिएको क्लबका अध्यक्ष दिपेन्द्र शर्माले वताए । क्लबले २०८२ असार १५ मसान्त सम्म गण्डकी प्रदेशका १५ सय महिलाहरुको पाठेघरको मुखको क्यान्सर निशुल्क परिक्षण गर्ने लक्ष्य लिएको शर्माले वताए । उक्त कार्यको लागि रोटरी क्लब अफ नक्साल शक्ति र रोटरी क्लब अफ पोखरा क्यापिलको पनि सहकार्य रहदै आएको छ । सो अवसरमा रुपा गाउँपालिका वडा नं. १ का अध्यक्ष रामबहादुर गोदारले ग्रामिण भेगमा वसोबास गर्ने महिलाहरुको नियमित रुपमा स्वास्थ्य परिक्षण गराउन सहज नभएको अवस्थामा गाउँमै आएर महिला दिदीबहिनीहरुको स्वास्थ परिक्षण शिविर आयोजना गरेकोमा रोटरी क्लबलाई धन्यवाद दिदै आगामी दिनहरुमा पनि सहयोगको अपेक्षा रहेको वताए ।

रोटरी डिस्ट्रिक्ट मेम्बरसिप चेयर सुबास सिग्देलले रोटरी क्बलले विगत लामो समयदेखि रुपा गाउँपालिका भित्र खानेपानी, विद्यालय भवन निर्माण, शिक्षा तथा स्वास्थ्यमा सहयोग गर्दै आएको वताए । कार्यक्रममा जनप्रतिनिधिहरू सम्पूर्ण महिला स्वास्थ्य स्वयंसेविकाहरू, रोटरी क्लब अफ पोखरा न्युरोडका पूर्व अध्यक्ष पशुपति शर्मा, उपाध्यक्षहरु अमृत बास्तोला र पुष्पराज पराजुली, रोटरी क्लबका सदस्यहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।

# सिक्लेसमा पोखरा आदर्शका विद्यार्थीको कार्यशाला गोष्ठी




**पोखरापत्र संवाददाता**
पोखरा, १२ फागुन

पोखरा आदर्श सेकेन्डरी स्कुल, बगर-१, पोखरामा अध्ययनरत कक्षा ११ बिज्ञान समूहका ३५ जना विद्यार्थीहरुले विभिन्न विषयमा कार्यपत्र प्रस्तुत गरे ।

सिक्लेसको गाउँमा गरिएको दुई दिवसीय कार्यशाला गोष्ठीमा विद्यार्थीहरुले नेपाली र अङ्ग्रेजी साहित्य, जीवबिज्ञान, भौतिक शास्त्र, रसायन शास्त्र, र कम्पुटर अन्तर्गत विभिन्न शिर्षकमा आफ्नो प्रस्तुति दिएका थिए। कार्यशाला गोष्ठीका परिकल्पनाकार एवम् निर्देशक श्री नारायण न्यौपानेले कार्यक्रमको उद्देश्य माथी प्रकाश पार्दै भने, "विद्यार्थीहरुले खोज तथा अनुसन्धानका माध्यमबाट वैयक्तिक क्षमता अभिवृद्धि गर्न सकुन् भन्ने अभिप्रायका साथ स्कुलले यस्ता बौद्धिक कार्यक्रम संचालन गरिरहेको छ ।" न्यौपानेका अनुसार उक्त कार्यक्रममा विद्यार्थीले श्रब्य दृश्य सामग्रीसहित आधुनिक प्रविधिको उपयोग गरी आफना प्रस्तुतिहरु प्रस्तुत गरेका थिए । नवीनतम सिकाइ अभ्यासद्वारा विद्यार्थीहरुको सक्रिय सहभागितामा संचालित उक्त कार्यशाला गोष्ठीमा सहभागी भएका प्रस्तुतिहरुलाई मुल्याङ्कन गरि पुरस्कृत गरिएको थियो । गोष्ठीका अध्यक्ष बलराम सुवेदी र ज्योति चालिसेले निर्णायकको भुमिका निर्वाह गरेका थिए । सुबेदीले भने, "गोष्ठीका प्रस्तुतिलाई मुल्यांकन गर्ने गरिदैन। तर विद्यार्थीहरु लाई प्रेरित गर्न आकर्षक नगद एवम जिन्सी सामग्री बाट पुरस्कृत गरिएको हो । सबै सहभागीले प्रमाणपत्र प्राप्त गर े।" भौतिक शास्त्रमा केन्द्रित सुदिप जैसिको समूह प्रथम भएको थियो भने नेपाली साहित्यमा प्रस्तुति दिने योगराज ढुंगानाको समूह दोश्रो भएको थियो । अङ्ग्रेजी साहित्यमा केन्द्रित रश्मि अधिकारीको प्रस्तुतिले तृतीय पुरस्कर प्राप्त गरेको थियो। त्यस्तै गरि विभिन्न रमाइलो खेल र कार्यक्रममा आयुश पौडेल, समित बि क, शिल्पिका त्रिपाठि, रचना भण्डारी, उषा त्रिपाठी र रश्मि अधिकारी लगायतका विद्यार्थी पुरस्कृत भएका थिए । साझ गरिएको सास्कृतिक कार्यक्रममा दीक्षा लामा, मनिका आचार्य, तृष्णा भण्डारी, रेश्मा केसि र स्मृति बस्नेतले विभिन्न लोकनाच प्रस्तुत गरेका थिए ।

क ा य ि त्र ्र म संयोजक कुशल तिमिल्सिनाका अनुसार सिकाइका सन्दर्भमा यस प्रकारको अनुसन्धानात्मक शिक्षण पद्धति साच्चिकै प्रभावकारी र अनुकरणीय हुने देखियो । उनिहरु दोस्रो दिन बिहानै सुर्योदय, हिमाल र चरा हेर्न करिव एक घन्टा लगाएर "रिसिङ डाडा" मा हाइकिङ गरेका थिए। उक्त डाडा बाट लमजुङ हिमाल, अन्नपूर्ण हिमाल र अन्य हिमालहरु नजिकबाट देखिन्छ ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३ श्री बाझापाटन तमु समाजको माथिल्लो तलामा ट्रस, टायल र जिप्सन निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः श्री बाझापाटन तमु समाजको भवनको माथिल्लो तलामा ट्रस, जिप्सन र टायल निर्माण
ठेगानाः पोखरा-१३, बाझापाटन तमु समाज कास्की
योजना सम्झौता मितिः २०८१/०८/१६ गते
योजना शुरु हुने मितिः २०८१/०८/१७ गते
योजना सम्पन्न हुने मितिः २०८१/१०/३० गते
योजनाको कुल लागतः रु.६,९०,०००।-
महानगरपालिकाबाटः रु. ६,००,०००।-
जनसहभागिताबाटः रु.९०,०००।-
अध्यक्षः कृष्ण बहादुर गुरुङ सम्पर्क नं.: ९८०६७१०९४४
अनुगमन समितिको संयोजकः रण काजी गुरुङ

**श्री बाझापाटन तमु समाजको माथिल्लो तलामा ट्रस, जिप्सन र टायल निर्माण उपभोक्ता समिति**
**श्री बाझापाटन तमु समाज पोखरा-१३, कास्की**

**गण्डकी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**प्रादेशिक स्वास्थ्य निर्देशनालय**
## मातृशिशु मितेरी प्रादेशिक अस्पताल
**कास्की, पोखरा**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशन मिति २०८१/११/१३ गते)

प्रस्तुत विषयमा यस अस्पतालबाट मिति २०८१/०९/०७ गते प्रकाशित सूचना अनुसार अस्पताललाई आवश्यक रसायन/रियजेन्ट खरिदको लागि भएको बोलपत्र आव्हानको सूचना मिति २०८१/१०/०८ गते खोलि मूल्याङ्कन गर्दा न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही तपशिल बमोजिमको बोलपत्रदाताले पेश गरेको बोलपत्र स्विकृतिको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) र ३ को प्रयोजनार्थ सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र. सं | बोलपत्र नं. | ठेक्काको नाम | छनौट भएको बोलपत्रदाता | कवोल गरेको रकम रु मु.अ.कर वाहेक |
|---|---|---|---|---|
| १ | MMH/NCB/G/05/2081-82 | Procurement of Supply of Surgical Items | Surginep Health Concern Pvt.Ltd | 1395108.00 |

मेडिकल सुपरिटेन्डेन्ट

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : आर्थिक समस्या |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : कार्यमा सफलता | धनु | : मानसिक तनाव |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

## श्री सैनिक आवासीय महाविद्यालय पोखरा

## विधुतीय सिलबन्दी दरभाउपत्र (e–GP) आव्हानको सूचना

**सूचना नं.** NAWF/SAMV/NC/PKR/2081/82/52
(प्रथम पटक प्रकाशित मिति २०८१/११/१३ गते)

१. चालु आ.व. २०८१/०८२ मा यस सैनिक आवासीय महाविद्यालयमा विभिन्न भवनहरु मरामत, कार्पेन्टरी कार्य र प्लम्बिङ्ग तथा ईलेक्ट्रिक सामानहरु खरिद गर्नको लागि विद्युतीय सिलबन्दी दरभाउपत्र (e–GP System) आव्हान गरिएको हुदाँ नेपाल सरकारबाट ईजाजत प्राप्त ईच्छुक फर्म/संस्था/कम्पनी/सप्लार्यसहरुले विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट https://www.bolpatra.gov.np/egp हेर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं. | कामको विवरण | लागत अनुमान (मु.अ.कर सहित) | दरभाउपत्र दस्तुर ने.रु. (फिर्ता नहुने) | दरभाउपत्र जमानत ने.रु. | दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने मिति समय र स्थान |
|---|---|---|---|---|---|---|
| १ | विभिन्न भवनहरु मरामत, कार्पेन्टरी कार्य र प्लम्बिङ्ग तथा ईलेक्ट्रिक सामानहरु खरिद | ११,५०,६२२।०८ | १,०००।०० | २८,०००।०० | २०८१/११/२८ गतेको १२:०० बजे | २०८१/११/२८ गतेको १३:०० बजे |

२. साथै, थप जानकारीको लागि फोन नं. ०६१-५७७७४५ तथा ईमेलः armyschool-pokhara@nepalarmy.mil.np मा सम्पर्क राख्न सकिने र बोलपत्र www.bolpatra.gov.np/egp सिस्टम मार्फत विड गर्नु पर्ने छ ।

# अक्सफोर्डको वार्षिकोत्सवमा विद्यार्थीले दिए सचेतना

**पोखरापत्र संवाददाता**
पोखरा, १२ फागुन

विद्यालयमा विशेष नाटक प्रस्तुत भयो । टिकटकको वढि प्रयोगले छोराछोरी र अभिभावकलाई परेको असर चित्रण गरिएको थियो । परिवारमा परेको असरले समाज पनि अछुतो भएन ।



अभिभावकको सपना बोकेका बाबुनानीको जीवन समेत बर्बादा भएको विषयलाई टिकटकले परिवार सँगै समाजमा प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभावित भएको विषयलाई पोखरा-१३ स्थित अक्सफोर्ड स्कूलका १३ जना विद्यार्थीले हालै नाटक मार्फत चित्रण गरेका हुन् । विशेष गरी टिकटकमा छोटो, आकर्षक र रमाइलो भिडियो सामग्रीले सबैलाई आफ्नो रमाइलो सँगै आम्दानीको मोहमा डुवाएको थियो ।

धेरैले यसलाई आफ्नो दैनिक जीवनको अनिवार्य हिस्सा बनाए। समय सँगै प्रयोग कर्ताहरूलाई प्रख्यात बनाउन मद्दत पुऱ्यायो र साथै सामाजिक नेटवर्कमा जोडिएको अनुभुत गरायो । त्यो अनुभुतले विद्यार्थीलाई चपक्कै समातेर पढाई समेत छाड्न वाध्य बनायो। दिनरात पैसाको पछि डोरायो विद्यार्थीलाई । दिनप्रतिदिन टिकटकको अध्यधिक प्रयोगले केही नकरात्मक असर सँगै पैसा पनि कम र पहिलाको हाई हाई पनि गुमाएको विषय केन्द्रित रहि विद्यार्थीहरुले विद्यालयको ३७ औ वार्षिकोत्सव तथा अभिभावक दिवसमा प्रस्तुत गरिएको नाटक हो । नाटकमा टिकटकले केही व्यक्तिहरूलाई मानसिक स्वास्थ्यमा असर पर्ने जस्ता समस्याहरू पनि देखा परे । एकै स्थानमा लामो समयसम्म टिकटक प्रयोग गर्दा शारीरिक र मानसिक थकान पनि बढेको विषय प्रस्तुत गर्दा अभिभाकलाई पनि भक्कानो आयो । समय सान्दर्भिक विषय पस्कनाले उपस्थित सबै खुशीले गद्‌गद् भएको दृश्य देखीयो वार्षिकोत्सवमा । विद्यालयका शिक्षक सुजन सुवेदीको लेखन तथा निर्देशनमा सो नाटक तयार पारिएको थियो । नाटकमा टिकटकको उपयोगले जहाँ एकातिर रमाइलो र अर्कोतिर नकरात्मक असर परेको विषयलाई समेटेर तयार पारिएकोले कार्यक्रममा राम्रो सन्देश दिएको विद्यालयका प्रशासक भुमिराज अधिकारीले पोखरापत्रलाई वताए। राष्ट्रिय परिक्षा वोर्ड गण्डकी प्रदेशका निर्देशक गोविन्दराज पोख्रेलले वार्षिकोत्सवको उद्घाटन गर्दै विद्यार्थीले प्रस्तुत गरेका भजन र पञ्जेबाजाको प्रस्तुती अन्य विद्यालयमा भन्दा यहाँ फरक पाएकोमा खुशी व्यक्त गरे । विद्यालयका संस्थापक प्राचार्य प्रेमराज अधिकारीले विद्यार्थीलाई पढाइसँगै व्यावहारिक शिक्षा दिदै आएको जनकारी गराए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रमाकान्त सिग्देलको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका सह प्राचार्य घनश्याम आचार्य, नेशनल प्याव्सन गण्डकीका अध्यक्ष रामवहादुर मोची, नेशनल प्याव्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारी, हिसान कास्कीका अध्यक्ष दिवाकर जैशी, माया फाउण्डेशनका सुपरभाईजर एल्को , विद्यालयका अभिभावक रविता गुरुङ लगायत वोलेका कार्यक्रममा विद्यालयका इसिए इन्जार्च विनोद आचार्यले संचालन गरेका थिए । कार्यक्रममा विद्यार्थीहरुले आ-आफ्नो रचनात्मक प्रस्तुति गरेका थिए । कार्यक्रममा फरक-फरक शिर्षकमा स्थापना भएका पुरस्कारहरु पनि वितरण गरिएको थियो ।

# ठेक्का अवधि सकिए पनि सडक कालोपत्र भएन

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ फागुन

म्याग्दीको प्रवेशद्वारमा रहेको बेनी नगरपालिका-८ कालीपुल बसपार्क क्षेत्रको सडक कालोपत्र गर्न ठेक्का सम्झौता भएको समय सकिए पनि अझै काम सुरु भएको छैन ।

चीन र भारत जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी कोरिडोर सडक, बेनी-जोमसोम-कोरला सडक योजनाले पर्वत हुँदै म्याग्दी प्रवेश गर्ने मोटरेबल पुलदेखि बगरफाँट जोड्ने झोलुङ्गेसम्म पाँच सय मिटर सडकलाई ११ मिटर चौडाइका दरले अक्सफाल्ट प्रविधिको कालोपत्र गर्न बेनीको सक्षम ब्रर्दश प्रालिले ठेक्का लिएको थियो । रु ९२ लाख ४१ हजारमा २०८१ भदौ १४ गते उक्त कम्पनीसँग भएको सम्झौताको अवधि गत माघ मसान्तमा सकिए पनि कालोपत्र नगरेपछि जरिवाना तिराउन थालिएको योजना प्रमुख ध्रुवकुमार झाले बताउनुभयो । "निर्माण कम्पनीले कालोपत्र गर्न बेवास्ता गरेपछि फागुन १ गतेदेखि लागू हुने गरी कूल ठेक्का सम्झौता रकमको दैनिक ०.०५ प्रतिशतका दरले हर्जना तिराएका छौँ", उहाँले भन्नुभयो, "ठेक्का सम्झौता रकमको १० प्रतिशतसम्म जरिवाना तिराउन पाउने सार्वजनिक खरिद ऐनमा भएको व्यवस्थाले दिएको अधिकार प्रयोग गरिएका हौँ ।

भुक्तानी गर्ने समयमा जरिवाना रकम घटाउँछौँ, काम नगरे जमानत बसेको बैंकबाट असुल हुन्छ ।" सम्झौतालगत्तै कार्यस्थलमा आएको निर्माण कम्पनीले पुरानो कालोपत्र भत्काएर बेस र सबबेस राख्ने र गत महिना बिटुमिन बिछ्याएको थियो ।

उक्त कम्पनीको कालोपत्र गर्ने उपकरण नभएको र अरुका उपकरणमा निर्भर पर्दा ढिलाइ भएको हो । उपकरण जुटाउन नसकेर निर्माण कम्पनीले जिल्ला भित्रने मुख्य नाकामा रहेको सडक कालोपत्रमा ढिलाइ गर्दा स्थानीयवासीलाई धुलोले सास्ती हुनुका साथै समग्र जिल्लाकै बारेमा नकारात्मक सन्देश प्रवाह भएको बेनी-नगरपालिका-८ का वडाध्यक्ष उत्तमकुमार कर्माचार्यले बताउनुभयो। मुस्ताङभ्रमणमा आउने पर्यटकले बसपार्कस्थित सडक हिउँदमा धुलो, बर्खायाममा हिलो र सडकमा परेका खाल्टाखुल्टीका कारण सास्ती भोग्दै आएका छन् । यसअघि विसं २०७६ चैतमा गरिएको डिबिएसडी प्रविधिको कालोपत्र उप्किएर खाल्डाखुल्डी पर्ने, पानी जम्ने, धुलो छ । सक्षम ब्रर्दशका सञ्चालक मनोज कार्कीले काठमाडौँबाट अक्सफाल्ट गर्ने उपकरण र निर्माण सामग्री ल्याउन लागेको बताउनुभयो ।

# ढोरपाटनमा हिमपात

**पोखरापत्र संवाददाता**
बागलुङ, १२ फागुन

यहाँको ढोरपाटनमा यस वर्ष पहिलो पटक हिमपात भएको छ ।

लामो समयको खडेरीपछि आइतबार साँझदेखि वर्षासँगै यहाँ हिमपात भएको हो । हिमपातका कारण यसक्षेत्रमा चिसो बढेको छ । हिमपात भएपछि बालीनाली फस्टाउने आशामा किसान हर्षित भएका छन् । हिमपातले ढोरपाटन उपत्यकासहित आसपासका क्षेत्र सेताम्य भएको ढोरपाटन सिकार आरक्षका रेन्जर विनोद विकले जानकारी दिनुभयो । हिमपातका कारण जनजीवन कष्टकर भएको छ । गत शुक्रबारदेखि मौसममा खराबी आए पनि आइतबार साँझ मात्रै वर्षासहित हिमपात भएको विकले बताउनुभयो ।

हिमपातले गर्दा घोडा खच्चड तथा वस्तुभाउलाई घाँस दान हाल्नसमेत गाह्रो भएको ढोरपाटन नगरपालिका-९ ढोरपाटनका प्रेमबहादुर घर्ती मगरले बताउनुभयो। गत महिना सामान्य वर्षा भए पनि हिमपात हुन सकेको थिएन । वर्षासहितको हिमपातले बालीनाली राम्रो हुने घर्ती बताउनुहुन्छ । उहाँले भन्नुभयो, "लामो समय खडेरी पऱ्यो, खडेरीका कारण बारीमा लगाएको बालीनाली सबै सुक्न थालेका थिए, ढिलै भए पनि पानी पऱ्यो ।"

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला साविक भदौरेतामागी गा.वि.स. वडा नं ९ को हाल पोखरा महानगरपालिका वडा नं २३ बस्ने भारतीय भू.पू. सैनिक १६ आसाम राईफल्सका नं १६३५७२ L राईफलसम्यान केदार गुरुङ्गकी श्रीमती चिज कुमारी गुरुङ्गको नेपाली नागरिकतामा नाम/थर चिज कुमारी गुरुङ्ग र जन्ममिति २०२८/०६/१० भएको तर निज केदार गुरुङ्गको सैनिक अभिलेखमा निजकी श्रीमतिको नाम/थर चिजा कुमारी गुरुङ्ग र जन्म मिति सन् १५-०६-१९६९ भै फरक परेता पनि निज एउटै व्यक्ति भएको र केदार गुरुङ्गको श्रीमती भएको व्यहोरा जिल्ला प्रशासन कार्यालय कास्कीको पत्र संख्या २०७९/८० च.नं.७०११ अनुसार भएको व्यहोरा जानकारी सम्बन्धित सबैको लागि प्रकाशित गरिएको छ ।

# चैत्त ३० गतेदेखि तेस्रो नवदुर्गा भलिवल प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, १२ फागुन

नवदुर्गा क्लब पोखरा १३ आर्वाको आयोजनामा तेस्रो नवदुर्गा कप भलिबल प्रतियोगिता हुने भएको छ ।

युवाका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद नाराका साथ यही चैत ३० देखि वैशाख १ सम्म प्रतियोगिता आयोजना गरिएको क्लबका अध्यक्ष मनोज बरालले बताए। रतनपाण्डे माविको खेल मैदानमा हुने प्रतियोगिताका विजेता र उपविजेताले क्रमश ४५हजार र ३०हजार नगदका साथमा मेडल, सिल्ड र प्रमाणपत्र प्राप्त गर्ने क्लबका सचिव सुदर्शन बरालले जानकारी दिए । चैत २८ गतेसम्म टिम दर्ता गरिसक्नुपर्ने छ भने दर्ता शुल्क चार हजार तोकिएको छ । प्रतियोगितामा जिल्ला, प्रदेश र राष्ट्रिय खेलाडीले सहभागिता जनाउन पाउने छैनन् । भलिबल खेलप्रति युवाहरुलाई आकर्षित गर्दै प्रोत्साहन गर्ने र प्रभुधाम धार्मिक तथा पर्यटकीय गन्तव्यका रुपमा चिनाउने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको क्लबका अध्यक्ष मनोज वरालले पोखरापत्रलाई वताए ।

## आमाघर पाठशाला

**पोखरा-२२, पुम्दी भुम्दी, कास्की**

**छात्रवृत्तिको पर क्षा सम्बन्धी सूचना**

सभ्यता र संस्कृतिको जगेर्ना गर्दै प्रतिस्प्रधात्मक युगको माग अनुसार चरित्रवान र सक्षम नागरिक उत्पादन गर्ने अभिप्रायले बालबालिकाहरुलाई गुणस्तरीय शिक्षा दिलाउने विशुद्ध सेवामुलक उद्देश्यले स्थापित यस आमाघर पाठशाला आधारभूत विद्यालयले शैक्षिक सत्र २०८२ का लागि खेल कक्षा देखि कक्षा ८ सम्म सम्पूर्ण कक्षाहरुका लागि केही संख्यामा छात्रवृत्तिको आवेदन फारम माग गरिएको छ । यसका लागि आमाघर पाठशाला आधारभूत विद्यालयमा पायक पर्ने स्थानमा बसोवास गर्ने अति गरिब, बाबा आमा विहिन असहाय, घरबार विहिन, कुनै आय आर्जनको स्रोत नभएका अभिभावकहरुका बालबालिकाहरुको लागि तपसिलमा उल्लेखित शर्तको अधिनमा रहि निवेदन आव्हान गरिएको छ ।

तपसिल

१. छात्रवृत्ति आवेदन फारम मिति २०८१ फागुन १३ गतेदेखि २७ गतेसम्म विद्यालयबाट वितरण गरिएको छ ।
२. विद्यालयमा छात्रवृत्तिको निवेदन गर्न आउँदा बाबा र आमा दुवैको नागरिकताको प्रतिलिपि तथा विद्यार्थीको जन्मदर्ता प्रतिलिपि र फोटो सहित हस्तलिखित निवेदन समावेश गर्नुपर्ने छ ।
३. आमाघर पाठशालामा हाल छात्रवृत्तिमा अध्ययन गरिरहेका विद्यार्थीहरुको हकमा पनि माथि उल्लेखित नयाँ प्रक्रिया अनुसार नै आउनुपर्ने छ । अन्यथा विद्यालयले छात्रवृत्ति दिन वाध्य हुने छैन ।
४. खेल कक्षा देखि कक्षा १ सम्म अध्ययन गर्ने विद्यार्थीहरुका लागि अन्तवार्ताद्वारा मात्र छात्रवृत्ति छनोट गरिने छ ।
५. नयाँ विद्यार्थीको हकमा कक्षा २ देखि ८ सम्म अध्ययन गर्ने विद्यार्थीहरुका लागि लिखित तथा अन्तरवार्ता बाट मात्र विद्यार्थी छनोट गरिने छ ।
६. आवेदन पेश गर्दा विद्यालयले उपलव्ध गराएको फारमले मागेका विषयहरुका साथै आयआर्जन, सम्पत्तिका स्रोत समेत चुस्त दुरुस्त उल्लेख हुने प्रमाण पेश गर्नुपर्ने छ ।
७. जुन वर्ग तथा छनोट प्रकृयाबाट छात्रवृत्तिमा आवेदन गरिएको हो सोको उल्लेखित वर्ग प्रस्ट खुल्ने प्रमाण समेत पेश गर्नु पर्नेछ ।
८. आंशिक छात्रवृत्तिमा पनि केही विद्यार्थीलाई सुविधा दिइने हुँदा आम्दानीको स्रोत खुलाई ५०% सम्म छुटमा पनि आवेदन गर्न पाइने व्यवस्था गरिएको छ । (सार्वजनिक विदाको दिन बाहेक अन्य दिन विद्यालय खुल्ला रहने छ ।
१०. छात्रवृत्ति प्रवेश परीक्षा दिनुपर्नेहरुका लागि २०८१ फागुन २७ गते पश्चात सम्बन्धित व्यक्तिलाई जानकारी गराइने छ ।
११. छात्रवृत्ति सम्बन्धी निर्णय गर्ने अधिकार विद्यालयमा नै निहित हुने छ ।

नोटः माथि उल्लेखित सम्पूर्ण कक्षाहरुमा शुल्क तिरेर अध्ययन गर्न चाहने विद्यार्थीका लागि शैक्षिक सत्र २०८२ को सुरुवातमै विद्यालयमा आवेदन फारम उपलब्ध गराईने छ ।

*फारम पाइने स्थानः*

**आमाघर पाठशाला**
समयः विहान ११:०० वजेदेखि ३:०० बजेसम्म
सर्पक नम्बर : ९८४६४५०४५०
इमेलः aamaghar68@gmail.com

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरूरी सूचना

**(दोस्रो पटक प्रकाशित मिति २०८१/११/१३)**

यस कर्मशिल बचत तथा ऋण सहकारी संस्थामा तपसिलमा उल्लेखित ऋणीले यस संस्थाबाट उपभोग गर्नु भएको कर्जा रकम संस्थासँग गर्नुभएको कर्जा सम्झौता बमोजिम बुझाउनको लागी संस्थाबाट पटक पटक मौखिक/लिखित तर-ताकेता गर्दा तथा विभिन्न मितिमा कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण तिर्नेतर्फ पूर्ण वेवास्ता गरी चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुँदा यो लिलाम बिक्रीको सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिन सम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी सदस्यलाई यसै सूचना मार्फत जानाकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा भुक्तान नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई प्रचलित ऐन कानुन बमोजिम हुने व्यहोरा जानाकारी गराउँदै कर्जा सुरक्षणको रुपमा संस्थालाई धितोबन्धक लेखिदिएको तपशिलमा उल्लेख भए बमोजिमका सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा प्रचलित ऐन, कानुनले दिएको अधिकार प्रयोग गरी तल उल्लेखित मिति, समय र स्थानमा निर्धारित समयावधि भित्र पेश हुन आएका बोल कबोल मूल्यहरु डाँक बढावढको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले सो सम्पत्ती खरिद गरिलिन ईच्छुक महानुभावहरुको लागी यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै काणवश तपशिलमा उल्लेखित सम्पत्ती लिलाम बिक्री नभएमा सो सम्पत्ती अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानुन बमोजिम संस्थाले सकार गरी लिनसक्ने र उक्त सम्पत्तीबाट संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

| क्र.सं. | कर्जा शिर्षक | ऋणीको व्याक्तिगत विवरण | जमानी बस्नेको विवरण | धितो सुरक्षणमा रहेको सम्पत्तीको विवरण |
|---|---|---|---|---|
| १. | व्यक्तिगत कर्जा | नाम : सिल कुमारी गुरुङ<br>बुबा/पतिको नाम : जित बहादुर गुरुङ<br>बाजे/ससुराको नाम : पत्लीमान गुरुङ<br>स्थायी ठेगाना : करापु-०३, लमजुङ<br>हालको ठेगाना : पोखरा-२७, कास्की<br>नागरिकता प्र.प. नं.: २१७६<br>जारी मिति र जिल्ला : २०४५/०१/१७ लमजुङ | नाम : मोहन गुरुङ<br>बुबा/पतिको नाम : पेच बहादुर गुरुङ<br>बाजे/ससुराको नाम : मोतिलाल गुरुङ<br>ठेगाना : पोखरा-२७, कास्की | साविक कास्की जिल्ला अर्घौं-०८, हाल पोखरा २६, कास्की कित्ता नं.३५४५ क्षेत्रफल ०-४-१-१ (१३७.१० व.मि.) को जग्गा । |

**लिलाम डाँक बढाबढ हुने मिति, समय र स्थान :**
मिति : २०८१ फागुन २८ गते, बुधबार
समय : दिनको ३:०० बजे ।
स्थान : संस्थाको कार्यालाय, पोखरा-०८, सभागृहचोक ।

**धितो लेखिदिने तथा व्याक्तिगत जमानी दिनेलाई सूचना :**
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तान गरी, गराई आफ्नो सम्पत्तीको उचित संरक्षण गर्नुहुन समेत यसै सूचना मार्फत जानाकारी गराईन्छ। उल्लेखित दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाको दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ती लिलाम बिक्री गरी वा संस्था आफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आँफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा पछि मेरो, हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आँफैले सकार गरिलियो भनी कहिँ कतै उजुर बाजुर गर्न पाउनु हुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछन् ।

**विस्तृत जानकारीको लागि**
**कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा ८, सभागृहचोक**
**फोन नं.: ०६१-५८०७९६, ५४४७९५**